# प्रेस-विज्ञप्ति

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. मिनबहादुर श्रेष्ठ र एशियाली विकास बैंकका देशीय निर्देशक (कन्ट्री डाइरेक्टर) अर्नौड कौकोइसबीच भेटवार्ता भएको छ । सिंहदरबारस्थित आयोगको कार्यालयमा सोमबार एडिबी प्रतिनिधि र आयोग माननीय उपाध्यक्षबीच शिष्टाचार भेटवार्ता भएको हो ।



भेटवार्तामा आयोगका तर्फबाट माननीय उपाध्यक्ष श्रेष्ठ, सदस्य सचिव केवल प्रसाद भण्डारी, कार्यक्रम निर्देशक डा. नारायण प्रसाद पौडेल र योजना अधिकृत उमेशचन्द्र लम्साल हुनुहुन्थ्यो भने एडीबीका तर्फबाट कन्ट्री डाइरेक्टर अर्नौड कौकोइस, प्रमुख अर्थशास्त्री जान हानसेन, वरिष्ठ कार्यक्रम अधिकृत अञ्जन पाण्डे र कार्यक्रम विश्लेषक श्रीजना राजभण्डारी सहभागी हुनुहुन्थ्यो ।

शिष्टाचार भेटवार्तामा आयोग र एडिबीबीच आगामी सहकार्य रणनीतिका विषयमा छलफल भएको थियो । छलफलमा उपाध्यक्ष माननीय डा. श्रेष्ठले नेपालको विकासमा एडिबीले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा समेत सरकारलाई एडिबीको सहयोग निरन्तर हुने विश्वास व्यक्त गर्नुभयो ।

भेटमा एडिबीको सहयोगमा सञ्चालित आयोजनाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा समेत छलफल भएको थियो । उपाध्यक्ष डा. श्रेष्ठले नेपालमा उत्पादन मूलक र रोजगारी सिर्जना हुने परियोजनाहरुमा लगानी आवश्यक रहेको बताउनु भयो । उहाँले सरकारले उत्पादन र रोजगारी दिने खालका कार्यक्रम ल्याउने भन्दै त्यस्ता परियोजनाहरुमा लगानी गर्न एडिबीसँग अनुरोध गर्नुभयो ।

एडीबीका कन्ट्री डाइरेक्टर कौकोइसले हालै एडिबीले नेपालमा गरेको लगानीको पोर्टफोलियो रिभ्यू भएको जानकारी दिदै नयाँ सरकारले ल्याएका नयाँ परियोजनाहरुमा सहकार्य गर्न एडिबी तयार रहेको बताउनु भयो ।




एडीबीले नेपालको भौतिक पूर्वाधारलगायतका क्षेत्रमा करिब चार खर्ब २१ अर्ब (३.२ विलियन) बराबरको लगानी गरेको छ । सन् २०२२ सम्ममा बैंकले ऊर्जा, यातायात, कृषि, खानेपानी, शहरी पूर्वाधार, सेवा क्षेत्र, ग्रामीण विकास र प्राकृतिक स्रोत, स्वास्थ्य शिक्षालगायतका क्षेत्रमा त्यस्तो लगानी गरेको हो । गत वर्ष मात्र एडीबीले नेपाललाई २५ करोड ५० लाख अमेरिकी डलर बराबर ऋण लगानी गरेको थियो ।

मेलम्ची खानेपानी आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, माथिल्लो त्रिसुली जलविद्युत् आयोजना लगायतमा दर्जनौं आयोजनाहरुमा एडिबीले लगानी गरेको छ ।

**११ वैशाख २०८०**